# शुक्लाफाँटा नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय

झलारी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्याः- २०७९/०८०

मितिः२०८०/०१/०३

**विषयः श्रम स्वीकृतिका लागि आवेदन दिने बारे सूचना।**

वैदेशिक रोजगार ऐन, २०६४ तथा वैदेशिक रोजगार नियमावली, २०६४ मा भएको व्यवस्था बमोजिम वैदेशिक रोजगारीमा जाने प्रत्येक नेपाली नागरिकले अनिवार्य श्रम स्वीकृति लिनुपर्ने व्यवस्था रहेको छ। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (स्थानीय तह समन्वय शाखा) को च.नं. ३९० मिति २०७९/१२/१९ गतेको पत्र बमोजिम वैदेशिक रोजगारीलाई थप व्यवस्थित, सुरक्षित, मर्यादित, भरपर्दो तथा सहज बनाउने उद्देश्य बमोजिम मिति २०८० बैसाख ०१ गतेदेखि वैदेशिक रोजगारीमा जानेहरुका लागि व्यक्तिगत श्रम स्वीकृति र पुनः श्रम स्वीकृतिका लागि आवेदन दिने कार्य स्थानीय तहमा रोजगार सेवाकेन्द्र मार्फत समेत गर्ने गरी मिति २०७९/१२/१६ गते नेपाल सरकार सम्माननीय प्रधानमन्त्री तथा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीस्तरीय निर्णय भएकोले व्यक्तिगत श्रम स्वीकृति र पुनः श्रम स्वीकृति आवश्यक भएका नेपाली नागरिकहरुले यस नगरपालिकामा रहेको रोजगार सेवाकेन्द्रमा सम्पर्क गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

८०/०१/०३

नि.प्रमुख प्रशासकीय अधिकृत